छत्रदेव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छत्रगञ्ज, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

## उद्यम विकास सहजकर्ताका लागि दरखास्त आव्हान सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति २०७७/०७/२८

आर्थिक वर्ष २०७७/०७८ मा नेपाल सरकारबाट छत्रदेव गाउँपालिकालाई सशर्त अनुदानको रुपमा उपलब्ध बजेट तथा कार्यक्रम अन्तर्गत गरिबी निवारणका लागि लघु **उद्यम** विकास कार्यक्रम (मेड्पा) संचालनका लागि करारमा **उद्यम** विकास सहजकर्ता नियुक्त गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक व्यक्तिहरुलाई आवेदन आब्हान गरिएको छ । योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएको सम्पूर्ण कागजात संलग्न गरी दरखास्त दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

| विज्ञापन नं. | पद | तह | संख्या | न्यूनतम शैक्षिक योग्यता | आवेदन दस्तुर |
|---|---|---|---|---|---|
| ०२/०७७/०७८ | **उद्यम** विकास सहजकर्ता (करार) | चौथो | २ (दुई) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिईभिटि) बाट मान्यता प्राप्त **उद्यम** विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको, वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट **उद्यम** विकास सहजकर्ता सीप परिक्षण तह २ वा ३ कोर्ष उत्तीर्ण गरेको, वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिईभिटि) बाट **उद्यम** विकास सहजकर्ता सम्वन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उत्तीर्ण । | रु. १,०००।- |

१. **आवेदन दिने स्थान :** छत्रदेव गाउँ कार्यपालिकाको कार्यालय, छत्रगञ्ज, अर्घाखाँची वा कार्यालयको इमेल ठेगाना : chhatradev.ruralmun@gmail.com

२. **आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु :** व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, चारित्रिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमणित प्रतिलिपी ।

३. **दरखास्त दस्तुर बुझाउने स्थान :** गाउँ कार्यपालिकाको कार्यालयमा तिरेको नगदी रसिद वा नेपाल बंगलादेश बैंक लि. छत्रगञ्ज शाखा स्थित खाता नं. **0550001141** आन्तरिक राजस्व खातामा रकम जम्मा गरेको सक्कलै भौचर कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. **दरखास्त फारमः** गाउँ कार्यपालिकाको वेवसाइट www.chhatradevmun.gov.np वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

५. **दरखास्त दिने अन्तिम मिति :** २०७७/०८/१२ गते कार्यालय समय भित्र ।

६. **सुविधा :** प्रचलित स्केल बमोजिम ।

७. **काम गर्नुपर्ने स्थान :** गाउँ कार्यपालिकाको कार्यालय र खटाइएको स्थान ।

८. **छनौटको किसिम :** लिखित र अन्तर्वार्ता (परीक्षा मिति पछि प्रकाशित गरिनेछ) ।

९. **थप जानकारीको लागि :** www.chhatradevmun.gov.np , 9841587165

पबन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner